गैडहवा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
गैडहवा- रुपन्देही

प्रदेश नं.५,नेपाल

मिति:२०७७।०६।२७

# सूचना ! सूचना !! सूचना !!!

भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासको व्यवस्थापन गर्ने कामका लागि नेपाल सरकारले भूमि सम्बन्धी समस्या समाधान आयोग गठन गरी क्रियाशील रहेको विदितै छ । आयोग हाल भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापनका लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड, निर्देशिका र प्रणाली निर्माणमा केन्द्रित भैरहेको अवस्थामा केही जिल्लाहरुमा आयोगको नाममा किर्ते हस्ताक्षर र नक्कली छाप प्रयोग गरी ठगी गर्ने, प्रभावित पार्ने, धम्क्याउने, पुरानो मितिमा सरकारी/ऐलानी जग्गामा कारोबार गरेको लिखत बनाउने, आयोगका पदाधिकारी वा कर्मचारी जिल्ला आउँदा व्यवस्थापन गर्नुपर्ने भनी रकम असुली गर्ने आदि जस्ता अवाञ्छित गतिविधि भैरहेको भन्ने सुन्नमा र देखिन आएको विषय प्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासले प्राप्त गर्न सक्ने जग्गाको क्षेत्रफल र लगानी दस्तुरको निर्धारण भईसकेको छैन । आयोगले भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासको व्यवस्थापन सम्बन्धी मुख्य काम जिल्ला समिति र स्थानीय तह मार्फत नै गर्ने हो । तसर्थ उल्लेखित प्रकृतिका वा उस्तै प्रकृतिका अवाञ्छित गतिविधिका सम्बन्धमा सजग र सतर्क रही यस्ता क्रियाकलाप भएको सूचना प्राप्त हुन आएमा सो को नियन्त्रणका लागि आयोग र सम्बन्धित स्थानीय प्रशासनलाई जानकारी गराउनु हुन सबै स्थानीय तहहरुलाई अनुरोध गरी पठाउने भनी आयोगको मिति २०७७।०६।२५ को बैठकबाट निर्णय भएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

७७।६।२८

चिरन्जिवि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

Website: www.gaidahawamun.gov.np Email: gaidahawagaupalika@gmail.com ,ito.gaidahawarmun@gmail.com